नेपाल सरकार
सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

प.सं. २०७४।७५
च.नं. २६४

मितिः- २०७४।०८।२२

विषयः- स्थानीय तहको वडा खाता सञ्चालन तथा अख्तियारीको द्विविधा वारे स्पष्ट गरिएको सम्बन्धमा ।

श्री स्थानीय तह, (सबै)

प्रस्तुत विषयमा यस मन्त्रालयबाट स्थानीय तहको क्षमता अभिवृद्धिको सिलसिलामा आयोजित विभिन्न अन्तरकृया, गोष्ठी र छलफल कार्यक्रममा जनप्रतिनिधि र कर्मचारीहरुले उठाउनु भएको विषय तथा गाँउपालिका डाँडापराजुल, डुगेश्वर दैलेख तथा नौगाड दार्चुला लगायतका विभिन्न स्थानीय तहबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ को उपदफा १ र २ मा भएको व्यवस्था बमोजिम बजेट खर्च गर्न वडा सचिवहरुलाई प्रचलित कानून बमोजिम अख्तियारी दिनुपर्नेछ भनी उल्लेख भएका आधारमा गाँउ सभाबाट वडाको लागि विनियोजित बजेट रकमको अख्तियारीका लागि वडाहरुबाट माग भई आएको हुँदा चालू र पूँजीगत खर्चको भुक्तानी वडा कार्यालयहरुकै खाताबाट हुने गरी वडा कार्यालयको नाममा बजेट दिई खर्च गर्न मिल्ने, नमिल्ने सम्बन्धमा थप स्पष्ट पारिदिन हुन भनी अनुरोध भई आएको सन्दर्भमा देहाय अनुसार गर्ने गरी मिति २०७४।०८।२२ को नेपाल सरकार (सचिवस्तरीय) निर्णय भएको हुँदा थप स्पष्ट गरि पठाएको व्यहोरा आवश्यक कार्यान्वयनका लागि अनुरोध छ ।

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ उपदफा ५ मा खर्च खाताको सञ्चालन गाँउपालिका वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीले गर्नेछ भन्ने उल्लेख भएको हुँदा वडाको खर्च खाता सञ्चालनको लागि अधिकृत स्तरको कर्मचारी र लेखाको कर्मचारी समेत नभएको अवस्थामा उक्त खाता वडाबाट सञ्चालन गर्न मिल्ने अवस्था नरहेको ।

२. सोही ऐनको दफा ७३ को उपदफा ६ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्नेछ भन्ने उल्लेख भएकोमा त्यस्तो प्रबन्ध मिलाउने गरी संगठन तथा कर्मचारी संरचना तयार नभएको कारण सो अनुसार जनशक्तिको उपलब्धता नभए सम्म वडा कार्यालयबाट नेपाल सरकारको लेखा प्रणाली अवलम्बन गरी अभिलेखाङ्कन हुने, खाता संचालन हुने र प्रतिवेदन गर्न सक्ने अवस्था नरहेको हुँदा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले नै जिम्मेवारी, जवाफदेही लिने गरी खर्च खाता संचालन गर्नुपर्ने बाहेक अरु उपाय अवलम्बन गर्न सक्ने अवस्था नरहेको ।

३. सोही ऐनको दफा ७३ को उपदफा ३ मा अख्तियारी प्राप्त भएको रकम स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने वा राख्न लगाउने, लेखापरीक्षण गराउने, बेरुजु फछ्यौंट गर्ने समेतको लेखा सम्बन्धी सम्पूर्ण उत्तरदायित्व अधिकार प्राप्त अधिकारीको हुनेछ भन्ने उल्लेख भएकोमा अधिकार प्राप्त अधिकारी भन्नाले यस ऐन बमोजिम खर्च गर्ने वा सो को लागि निकासा दिने अधिकार पाएको अधिकारी सम्झनु पर्छ भन्ने उल्लेख छ । तसर्थ वडामा त्यस्तो किसिमको जनशक्तिको व्यवस्था नभएकोले हाललाई वडामा अख्तियारी प्रदान गर्न सक्ने अवस्था नरहेको ।

४. गाँउसभा/ नगरसभाबाट वडाको लागि बजेट विनियोजन गरेको भएता पनि योजना कार्यान्वयमा वडाको प्रत्यक्ष संलग्नता रहने र सो को लागि आवश्यक पर्ने लागत अनुमान, ड्रइङ, डिजाइन, कार्यसम्पन्न/ कार्यस्वीकार प्रतिवेदन एवं नापी किताब लगायतका सम्पूर्ण श्रेस्ता कागजात प्राविधिकले तयार गरी गाँउपालिका / नगरपालिकामा रहने । र, वडाको सिफारिशको आधारमा गाँउपालिका / नगरपालिकाले भुक्तानी दिने, सोको लेखा राख्ने, लेखापरीक्षण गराउने, बेरुजु भएमा सो को फछ्यौंट गर्ने दायित्व समेत हुने हुँदा अर्को कानुनी व्यवस्था नभएसम्म आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार गत विगतको पेश्की रकम फर्छ्यौट गरी आर्थिक कारोवारको व्यवस्था मिलाउन सकिने अवस्था रहेकाले वडा कार्यालयमा खोलिएको खर्च खाताका सम्बन्धमा यस प्रयोजनमा मात्र प्रयोग गर्न सकिने हुँदा सो बमोजिम बाहेक अन्य प्रयोजनमा वडा खाता प्रयोग गर्ने नसकिने ।

५. स्थानीय तहले विकास निर्माण लगायतका सेवा प्रवाह गर्ने क्रममा पेश्की नदिई नहुने अवस्था आएमा आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ मा भएको पेश्की दिने र फछ्यौंट सम्बन्धी व्यवस्था अनुरुप हुने गरी मात्र पेश्की दिन सकिने हुँदा काम स्पष्ट, प्रयोजन स्पष्ट, लागत अनुमान भन्दा बढी नहुने गरी कामको विवरण समेत उल्लेख गरी फर्म संस्थाको हकमा आवश्यक बैंक जमानत लिई र व्यक्तिको हकमा तीन पुस्ते विवरण खुलाई कानूनका म्याद भित्र फछ्यौंट गर्ने गरी पेश्की दिन सकिने । तर यस्तो पेश्की नियमन, अनुगमन, निगरानी गर्ने कर्मचारी तथा पदाधिकारीहरुका नाममा दिंदा स्वार्थ बाझिने हुँदा सो अनुसार पेश्की दिन उपयुक्त नहुने ।

ढुण्डी प्रसाद निरौला
उप सचिव (लेखा)

बोधार्थः-
श्री सूचना तथा विद्युतीय सुशासन शाखा : मन्त्रालयको Web Site मा राखिदिनुहन ।